# ८४ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा डुबानका कारण रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा, चितवन, नवलपरासी लगायतका जिल्लाहरुमा प्रभावित भएका नागरिकहरूको धनजनको क्षतिप्रति माडी नगरपालिका नगर कार्यपालिका गहिरो दुःख व्यक्त गर्दछ । यस विनाशकारी विपद् बाट ज्यान गुमाउनु भएका सम्पूर्ण नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवार तथा आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभ तथा सुरक्षित पूनर्स्थापनाको कामना गर्दछौं ।

प्राकृतिक विपद्का कारण प्रभावित नागरिकहरूको तत्काल राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले विपद्को समयमा समस्त प्रभावितहरु प्रति स्थानीय सरकार, जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरूको साझा दायित्व रहने भएकाले राहत तथा पुनर्स्थापनाका कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्य गर्न तपसिल बमोजिम सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | योगदान समूह | योगदान विवरण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | माडी नगरपालिकाको विपद् व्यवस्थापन कोप | एकमुष्ट | रु.१०,००,०००.००/- | |
| २ | माडी नगरपालिकाका जनप्रतिनिधिहरु | नगर प्रमुख तथा उप-प्रमुख १० दिन बराबरको सेवा सुविधा<br><br>वडाअध्यक्ष ८ दिन बराबरको सेवा सुविधा<br><br>कार्यपालिका सदस्य ७ दिन बराबरको सेवा सुविधा<br><br>वडासदस्य ५ दिन बराबरको सेवा सुविधा | रु.१,५८,६९७.३३/- | |

तारा कुमारी काजी महतो
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ३ | माडी नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु | अधिकृत स्तर<br>७ दिन बराबरको तलव<br><br>सहायकस्तर<br>५ दिन बराबरको सेवा सुविधा<br><br>श्रेणीविहिन<br>२ दिन बराबरको सेवा सुविधा | रु.१२,५९,६४१.००/- | |
| ४ | माडी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय तर्फका शिक्षक तथा कर्मचारीहरू | माध्यमिक तह (सवैं), निम्नमाध्यमिक तह (प्रथम तथा दृतीय), प्राथमिक तह (प्रथम)<br>७ दिन बराबरको तलव<br><br>निम्नमाध्यमिक तह (तृतीय) प्राथमिक तह (द्वितीय तथा तृतीय)<br>५ दिन बराबरको सेवा सुविधा<br><br>लेखापाल, वालविकास सहजर्ता एवम् कार्यालय सहयोगी<br>२ दिन बराबरको सेवा सुविधा | रु. १९,७९,८६८।– | |
| जम्मा | | | रु.४३,९८,२०६.३३।– | |

निर्णय नं. २

वडास्तरीय सहजीकरण समिति मार्फत् प्रमाणीकरण भइ आएका भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीहरुको विवरणहरु मध्य चेकजाँच सम्पन्न गरिएका भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीहरुका विवरण पहिचान र प्रमाणिकरणको आधार र मापदण्ड-२०८३ को अनुसूचि १ बमोजिम प्रमाणिकरण गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

बागमति प्रदेश लोकसेवा आयोगको विज्ञापन नं. २/०८२-८३(अ.त.), स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह, नवौं तह (प्राविधिक), उप-शिक्षा निर्देशक पदको लागि मिति २०८३/०५/०९ मा प्रकाशित सूचना नं. २९/०८३-८४ एवम् प्रदेश लोकसेवा आयोगको मिति २०८३/०५/१० गतेको सिफारिस पत्र समेतको आधारमा यस माडी नगरपालिकामा स्थायी नियुक्त पाउँ भनि रामचन्द्र खड्का (कर्मचारी संकेत नम्बर: २३८९७५) ले मिति

तारा कुमारी कार्जी महतो
नगर प्रमुख

२०८३/०५/१५ गते दिनुभएको निवेदन अनुसार बागमति प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ दफा १७ बमोजिम नीज रामचन्द्र खड्का (कर्मचारी संकेत नम्बर: २३८९७५) लाई आवेदन दिएको मिति २०८३/०५/१५ गते देखि लागू हुने गरी यस कार्यालयमा स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह, नवौं तह (प्राविधिक), उप-शिक्षा निर्देशक पदमा स्थायी नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

चिकित्सा शिक्षा आयोग, सानोठिमी भक्तपुरको मिति २०८३/०४/२१ गतेको सूचना अनुसार शैक्षिक वर्ष २०८३/८४ को लागि चिकित्सा शिक्षा स्नातक तहको Bachelor in Nursing Science (BNS) कोर्ष अध्ययनका लागि यस नगरपालिका अन्तरगतको वडा नं. ८ मा रहेको अयोध्यापुरी स्वास्थ्य चौकीमा अ.नं.मी. पदमा कार्यरत श्री बबिता परियार (कर्मचारी संकेत नम्बर: २५७२३३) र सोही सूचना अनुसार चिकित्सा शिक्षा स्नातक तहको Bachelor in Public Health (BPH) कोर्ष अध्ययनका लागि यस नगरपालिका अन्तरगतको वडा नं. ८ मा रहेको अयोध्यापुरी स्वास्थ्य चौकीमा हेल्थ असिस्टेन्ट पदमा कार्यरत श्री खगेन्द्र प्रसाद जैसी (कर्मचारी संकेत नम्बर: २६१२२४) सो एकिकृत प्रवेश परिक्षामा सहभागिताका लागि पूर्व स्वीकृति पाउँ भनि यस कार्यालयमा पूर्व स्वीकृतिका लागि दिनुभएको निवेदन उपर छलफल गर्दा निवेदक कर्मचारीको नाम छनौट भएको अवस्थामा यस कार्यालयबाट बेतलबी अध्ययन विदा उपलब्ध गराउने गरी दुबै जना कर्मचारीहरुलाई हालका लागि एकिकृत प्रवेश परिक्षामा सहभागी हुन पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत बजेट तथा कार्यक्रम सञ्चालन गर्नका लागि तपसिल बमोजिम हुने गरी कार्यक्षेत्र स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्य क्षेत्र | लक्षित वर्ग |
|---|---|---|---|
| १ | २१ हप्ते वित्तीय साक्षरता कार्यक्रम | वडा नं. ६ र ७ | वैदेशिक रोजगारका भएका व्यक्तिका घर परिवार |
| २ | ९० मिनेट वित्तिय साक्षरता कार्यक्रम | वालकल्याण आ.वि., माडी-७<br>राष्ट्रिय आधारभूत विद्यालय रतनी धोबाहा, माडी-३ | कक्षा ८ देखि १२ |

कुमारी काजी महतो
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | | जनजिवन माध्यमिक विद्यालय, माडी-८<br>वालिविकास इ.स्कूल, माडी-७<br>पिसल्याण्ड इ. स्कूल, माडी-३ | |
| ३ | १ र ३ दिने वित्तिय साक्षरता कार्यक्रम | वडा नं. ३ ४ ५ र ७ | समूह तथा सहकारीमा आवद्ध व्यक्ति वा बैंक तथा वित्तिय संस्थामा आवद्ध व्यक्ति |

निर्णय नं. ६

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली Local Governance Performance Assessment System (LGPAS) मा आर्थिक वर्ष २०८२/८३ को जिम्मेवार शाखाहरुवाट प्रविष्ट गरिएका ३१३ वटै विवरण प्रमुख प्रशासकीय अधिकृतबाट समेत दफावार समिक्षा भैसकेको हुँदा यस कार्यपालिकामा समेत दफावार छलफल गरी प्राप्त अङ्क ७४.८ लाई जिल्ला समन्वय समिति समक्ष पृष्टपोषणका लागि पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | ४० | ३२.७ | ८१.७५ |
| २ | सामाजिक विकास | २० | १४.७ | ७३.५ |
| ३ | आर्थिक विकास | २० | १३.४ | ६७.१ |
| ४ | पूर्वाधार विकास | १० | ७.० | ६९.७ |
| ५ | वन वातावरण तथा विपद् व्यवस्थापन | १० | ७.१ | ७०.६ |
| जम्मा | | १०० | ७४.८ | ७४.८ |

निर्णय नं. ७

हालैको रसुवा बाढीका कारण उत्पन्न विपद्जन्य परिस्थितिलाई मध्यनजर गर्दै यस दुःखद् घडीमा प्रभावित परिवार तथा नागरिकहरूप्रति पर्न गएको गम्भीर पिडामा ऐक्यबद्धता जनाउँदै माडी नगरपालिका क्षेत्रभित्र यस वर्ष आयोजना गरिने तीज विशेष कार्यक्रम, उत्सव तथा मनोरञ्जनात्मक कार्यक्रमहरू नगर्न तथा नगराउन समस्त नगरवासीमा अनुरोध गर्ने निर्णय गरियो। साथै, उक्त समयलाई विपद् प्रभावित नागरिकहरूको उद्धार, राहत तथा सहयोगमा

तारा कुमारी काजी महतो
नगर प्रमुख

केन्द्रित हुन सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, संघसंस्था तथा सरोकारवाला निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो।

तारा कुमारी कार्की महतो
नगर प्रमुख